"आर्थिक ,सामाजिकसंस्थागत तथा पूर्वाधर विकास ,
सुशासनयुक्तसमृद्ध सिम्ता गाउँपालीकाको आधार"

# आ.व.०७५/०७६

# को

# नीति, कार्यक्रम तथा बजेट वक्तवय

## सिम्ता गाउँ कार्यपालीका
## कर्णाली प्रदेश
## सुर्खेत जिल्ला
## २०७५

गाउँ सभाको बैठकमा २०७५ साल असार १० गते आइतवार
उपाध्यक्ष चन्द्रकला शाहीले
प्रस्तुत गर्नु भएको

आर्थिक बर्ष २०७५/०७६ को
निति कार्यक्रम तथा बजेट**वक्तव्य**

**सिम्ता गाउँ कार्यपालीका**
**कर्णाली प्रदेश**
**सुर्खेत जिल्ला**
**२०७५**

**सिम्ता गाउपालीका सुर्खेतको गाउ सभा *२०७५ साल असाढ १० गतेका दिन* प्रस्तुत आर्थिक बर्ष . २०७५/०७६ को नीति,कार्यक्रम तथाबजेट**

सभाका सभा अध्यक्ष
कार्यपालीकाका सदस्यहरु व्यवस्थापिकाका सदस्यहरु
सवै प्रकारका संचार मिडियाका पत्रकार ज्यूहरु र
सिम्तावासी आमा बुबा, दाजुभाई तथा दिदीबहीनीहरु

## १.१ पृष्ठभूमी

- ❖ सर्वप्रथम त यस सिम्ता गाउपालीकाको गाउ सभा जस्तो गरिमामय अवसरमा सिम्ता गाउपालीकाको निमन्त्रणालाई सहर्ष स्वीकार गरिदिनु भई आफ्नो व्यस्तताका वावजुत पनि समय प्रदन गरी गाउसभाको गरिमा र शोभा बढाई हौसला सल्लाह, सुझाव प्रदान गर्न पाल्नुभएका सम्पूर्ण महानुभावहरूलाई सिम्ता गाउपालीकाको र मेरो व्याक्तिगत तर्फवाट हार्दिक स्वागत गर्दै उपस्थितिका लागि सबै महानुभावहरुप्रति हार्दिक स्वागत एवं आभार प्रकट गर्दछु ।

- ❖ हाम्रो मुलुकको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना विभिन्न राजनैतिक परिवर्तन र स्थानीय लोकतन्त्र मार्फत सिंहदरवारको शासन व्यवस्था जनताको घरदैलोमा पुग्ने स्थानीय सरकार स्थापना गर्नका साथै कर्णाली प्रदेशको स्थापना गर्न सुर्खेत जिल्ला प्रादेशिक राज्यको राजधानी हुनुपर्ने माग राख्दै विभिन्न समय र कालखण्डमा वलीदान दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चहान्छु ।

- ❖ यस गरिमामय गाउ सभामा गाउपालीकाको तर्फवाट गाउपालीकाको समग्र विकासका लागि मार्गदर्शनको रुपमा रहने वार्षिक निति, कार्यक्रम तथा वजेट यस सम्मानित सभामा प्रस्तुत गर्न पाउंदा आफुलाई गौरवान्तित महसुस गरेको छु । यस अवसरमा हाम्रा अथक प्रयासहरुमा निरन्तर सल्लाह सुझाव सहयोग प्रदान गर्नुहुने गाउसभाका सदस्यहरु गाउ कार्यपालीकाका सम्पूर्ण सदस्य ज्युहरु गाउपालीकामा क्रियाशिल राजनैतिक दलका प्रमुख तथा प्रतिनिधीहरु सरोकारवाला विकास साझेदारहरु,स्थानिय नागरिक समाजका प्रतिनिधीहरु एवं यस सिम्ता गाउपालीकावासी सवै प्रति एकपटक पुनः आभार व्यक्त गर्दै सहयोग र समन्वयका लागि धन्यवाद प्रदान गर्न चाहान्छु ।

### सिम्ता गाउपालीकाको परिचय

- ❖ सिम्ता गाउपालीका कर्णाली प्रदेशमा अवस्थित सुर्खेत जिल्लाको पूर्वउत्तरमा पर्ने क्षेत्र हो ।यसक्षेत्रलाई सिम्तादराको रुपमा पनि चिनिन्छ ,।यस क्षेत्रमा रहेका साविकका घोरेटा,काफलकोट,आग्रीगाउ,वजेडीचौर, खानीखोला,डाडाखाली,काप्रीचौर र राकम गाउ विकाससमितिहरु मिलेर सिम्ता गाउपालीका वनेको छ । सिम्ताको आफ्नै प्रकारको परम्परा र ऐतिहासिकता रहेको छ । त्यसवेला सिम्तादरामा सात सय मौजा संख्या थियो जसका कारण यस दरालाई सातसय सिम्ता भन्ने प्रचलन थियो । वहादुरशाहको पालामा सिंजा राज्यवाट छुट्टिएर वनेका विभिन्न राज्यहरु वन्ने क्रममा तामा राज्य ,काडासिम्ता राज्य, चिङ्गाडदरा, गुर्वाकोटदरा,डाडादराको रुपमा प्रशासनिक विभाजन गरिएको थियो । यस सिम्तादरालाई एक महत्वपूर्ण प्रशासनिक ईकाईको रुपमा लिईन्थ्यो । काडासिम्ता राज्य सामरिक र सुरक्षाका हिसावले असुरक्षित भएका कारण लापु हालको आग्रीगाउ र काफलकोटको सिमानामा रहेको वडालेखको राजकाडामा राज्य सारिएको थियो । राजकाडा दरवारको भगनावशेष अहिले पनि देख्न सकिन्छ ।

- ❖ यस सिम्तादराको नामाकरणका सम्वन्धमा खास ठोस धारणा नभए पनि विभिन्न प्रकारका धारणा र किंम्वदन्तिहरु रहेका छन जसका आधारमा यस दराको नाम सिम्ता रहेको मानिन्छ । यस क्षेत्रमा विभिन्न वनस्पतिहरु मध्य सल्लो प्रसस्त मात्रामा पाईन्छ । सल्लोको फललाई सिम्टा

भनिन्छ , सिम्टाको वियालाई सिम्ती वा सिम्टा भन्ने प्रचलन छ । यसरी प्रसस्त मात्रामा सिम्टा र सिम्ती  पाउने भएको कारण यस दराको नाम सिम्तादरा रहेको र यसै दरालाई नै सिम्ता भन्ने गरिएको हो भन्ने पौराणीक भनाई छ । त्यसै गरि यस क्षेत्रमा प्रसस्त मात्रामा तामाखानी रहेका थिए त्यसमा पनि खानीखोलाको काडासिम्ता र काफलकोटको सिर्पाको माथी डाडामा तामाखानी थियो जहा सिमतामा पाईन्थ्यो । यस क्षेत्रलाई सिमतामा पाईने ठाउको नामवाट अपभ्रंस भएर सिम्ता दाराको नाम रहेको पौराणीक भनाई पाईन्छ ।

❖ सुर्खेत जिल्लामा विभाजन गरिएका ९ वटा तहहरु मध्य सिम्ता गाउपालीका एक महत्वपूर्ण गाउपालीका हो । सिम्ता गाउपालीकामा जनसंख्या २५८४५ छ  भने क्षेत्रफल २४१.६३ वर्ग कि मि रहेको छ । गाउपालिकाको लागि सामर्थ्य  एक महत्वपूर्ण पक्ष हो । प्राविधिक समिति तथा तथ्यांक कार्यालयको तथ्यांकका आधारमा गाउपालिका र नगरिपालिकाहरुको सामर्थ्यको अवस्थालाई विश्लेषण गर्दा नेपालको गरिवीको लघुक्षेत्र अनुमान २०६८ अनुसार  सिम्ता गाउपालिकाको आर्थिक अवस्था तथा गरिवीको दर ३९.१ रहेको छ  । यस गाउपालिकाको वन क्षेत्र १९७८३.९ हेक्टर रहेको छ । यस सिम्ता गाउपालीकाको आ.व. ०७०।०७१ को आन्तरिक आय १०.९प्रतिशत रहेको देखिन्छ गाउपालीकामा दीर्घकालीन योजना निर्माण गरेर अगाडी वढन आवस्यक छ । त्यसै गरि वन तथा वातावरणको विकास तथा संरक्षण गर्न पनि आवस्य रहेको छ । यसका लागि सिम्ता गाउपालीकामा व्यवसायीकरण ,उध्यमशिलता ,कृषिमा आधुनिकिकरण र रोजगारीका प्रयासमा व्यापक र वृहत रुपमा योजना निर्माण गरेर अगाडि वढन आवस्यक छ ।

❖ यस सिम्ता गाउँपालिकाको उत्तरी भाग महाभारत पर्वत श्रृखलामा पर्दछ भने केहि भाग मध्ये मैदानी उपत्यका तथा पहाडी क्षेत्रमा पर्दछ । महाभारत पर्वत श्रृंखला २० देखि ४० ढालीय कोण भएको तीब्र ढाल तथा प्राचीन चट्टानयुक्त पर्वतीय भू-आकृतिले बनेको यो क्षेत्रमा कङकड खैरोमाटोको अधिकता छ । जंहा भू-क्षय (Accelaeated Erosion) बढी हुन्छ ।कृषि कार्यका लागि यस क्षेत्रको भू-वनावट तुलनात्मक दृष्टिले अनुकुल पाइदैन । त्यसैगरी सिम्ता गाउँपालिकाको केहि भाग मध्य मैदानी उपत्यका तथा पहाडी क्षेत्रमा पर्दछ । १० देखी २० डिग्री सम्मको ढलियकोण तथा मध्य ढाल देखि समथर भू-भागमा पूर्ण विकसित पांगो माटो, बलौटे दोमट माटो र नबिनतम चट्टानको संरचना रहेको यो भू-भागमा स–साना उपत्यकाका तथा निम्न होचो पहाडी भाग यस क्षेत्रमा रहेका छन । माथिल्लो एवं नदी द्वारा थुपारिएको उर्वरा माटोको कारण यहांको भू-प्रणाली सापेक्ष रूपमा खेती योग्य भइ धान, गहुं तथा तोरी खेतीको लागि अनुकुल छ । यस स्थानमा व्यवसायीक आर्गानिक कृषि प्रणालीको थालनी र विकास गर्न सकेमा यहाको जिवनस्तर माथी उठाउन सकिने अवस्था देखिन्छ ।

❖ राज्यको  पुनः संरचनाले आम नागरिकहरुका सवै प्रकारका अधिकारहरुको संरक्षण गर्नुका साथै वास्तविक सुशासनको प्रत्याभूती हुन आवस्यक छ । राज्यको पुनः संरचनाले यूगौ देखि रहेको शोषण दमन उत्पीडनमा रहेका विभिन्न वर्ग जात जाती, लिंग समुदायहरुको अर्थपूर्ण सहभागिता र समावेशी विकास गराउनु हो । शासन व्यवस्थामा सुदृढीकारण गर्ने राज्यको पहुच सामर्थ्य र नियन्त्रणको प्रत्याभूती हुने गरि सेवा प्रवाह जरुरी छ । स्थानिय स्तरमा स्वशासन  र स्वायत्तताको जिउदो प्रत्याभूती गर्ने गरि प्रभावकारी  अभ्यास जरुरी छ ।

*गाउ सभाका अध्यक्ष ज्यू*

- ❖ हाम्रो मुलुकमा दुई दशक पछि विगत एक बर्ष पहिले स्थानिय तहको निर्वाचन सम्पन्न्न भएको छ । संविधानको कार्यान्वयन गरि राजनैतिक परिवर्तनलाई संस्थागत गर्दै जनताका असिमित आकांक्षा, अभिलाशा र आवश्यक्तालाई उचित सम्वोधन गरि अघि वढ्नुपर्ने यस समयमा यस गाउपालीले पनि विगतका गाउ विकास समिति र जिल्ला विकास समितिले निर्णय गरि कार्यान्वयनका चरणमा रहेका महत्वपुर्ण कार्यहरु र योजनाहरुको निरन्तरता दिंदै सिम्ताली जनताको समृद्धिको सपनाहरुको साकार पार्नका लागि यस नया व्यवस्थामा सक्दो सम्वोधन गर्ने कोसिस गर्ने कुरामा म विश्वास दिलाउन चहान्छु ।

- ❖ विकास सामूहिक प्रयासवाट हुन सक्दछ आजको समय भनेको समन्वय र सहकार्यको हो । सवैको गन्तव्यलाई सामूहिक प्रयास र प्रयत्नवाट हल गर्न सक्नुपर्दछ भन्ने मान्यताबाट सिम्ता गाउपालीकाको  समग्र विकासमा हामी सवै एकतावद्ध भएर अगाडि वढनु हामी सवैको साझा कर्तव्य हो  र आगामी दिनमा पनि यसरी नै गन्तब्यमा पुग्नेछौं भन्ने विश्वास लिएको छु ।

- ❖ यस सिम्ता गाउपालीकामा शिक्षा कृषि, जलश्रोत,पर्यटन, पशुपालन उद्योग व्यापार व्यवसायका लागि प्रचुर सम्भावना अवसर भएता पनि यस गाउपालीकाको  आर्थिक श्रोतको मूख्य आधार भनेको कृषि नै हो । वर्तमान अवस्थामा रहेको गुजराको रुपमा रहेको कृर्षिलाई आधुनिक र व्यवसायीक कृषिमा रुपान्तरण गर्न सकेमा यस गाउपालीकाको आर्थिक सामाजिक समृद्धि सम्भव रहेको कुरामा म विस्वास दिलाउन चहान्छु । यस गाउपालीकामा विकासका प्रचुर सम्भावना हुंदाहुदै पनि भौगोलिक विकटता, आर्थिक परनिर्भरता, सामाजिक सांस्कृतिक विविधता र उपलब्ध स्थानीय स्रोत र साधनको अपेक्षित उपयोग गर्न नसकेका कारणबाट जनताको जीवनस्तरमा उल्लेखनीय परिवर्तन हुन सकेको छैन । अझ पनि कैयौं क्षेत्र वर्ग तथा समुदायहरू विकासको मूलधारवाट पछाडि परि नै रहेका छन् । गरिवी र वेरोजगारी समस्या चुनौतिको रुपमा रहेको छ । यीनीहरुको सन्तुतित र क्षेत्रिय विकासको लागि निरन्तर रुपमा अघि वढ्नुपर्ने अवस्था रहेको छ ।यसको लागि सिम्ता गाउपालीकाले यस बर्ष देखि गरिवी नक्सांकन गरि विकासको योजनावद्ध प्रयासलाई अगाडी सारेको छ ।

*यस सभाका सभा अध्यक्ष तथा अन्य महानुभावहरू,*

- ❖ अब म यस गरिमामय गाउसभा समक्ष आगामी २०७५/०७६ मा प्रस्तुत गरिने वार्षिक योजना कार्यक्रम तथा वजेट प्रस्तुतीको क्रममा यस सिम्ता गाउपालीकाका निति कार्यक्रम तथा बजेट प्रस्तुत गर्न चहान्छु ।

## आगामी आर्थिक बर्ष २०७५/०७६ को नीति ,कार्यक्रम तथा वजेट

कुनै पनि सरकारी तथा गैह्र सरकारी संघ सस्थाहरुको वारेमा उल्लेख गर्दा उसले अवलम्वन गरेका दीर्घकालीन सोच , प्रमुख लक्षहरु , मुख्य मुख्य उद्धेश्यहरु तथा वार्षिक क्रियाहलापहरुले संस्थाको वास्तविक अवस्थालाई झल्काउने गर्दछ । यस सिम्ता गाउपालीकाले अवलम्वन गरेको परिकल्पना, लक्ष्य ,मुख्य मुख्य उद्धेश्यहरुलाई यस प्रकार उल्लेख गरिएको छ ।

## २.१ सिम्ता गाउपालीकाको दीर्घकालीन सोच

"आर्थिक, पूर्वाधार,सामाजिक तथा संस्थागत विकासको आधार,
सुशासनयुक्त  समृद्ध सिम्ता गाउँपालीकाको प्रमुख आधार"

**सिम्ता गाउपालीकाका निर्देशक सिद्धान्तहरु**

- न्यायोचित र समतामूलक विकासको अवधारण अवलम्वन
- उत्पादनमूलक भौतिक पूर्वाधार विकासमा प्राथमिकता
- माग तथा आवश्यकतामा आधारित विकासको प्राथमिकता
- सूचना तथा प्रविधिमा पहुँच र उपयोगमा प्रथामिकता
- जैविक विविधता संरक्षण तथा प्राकृतिक श्रोत अधिकतम व्यवस्थापन
- वातावरणमैत्री, वालमैत्री र महिलामैत्री  दिगो विकासको स्थापना

**सिम्ता गाउपालीकाको प्रमुख लक्ष्य**

गाउपालीकाको दीगो आर्थिक, सामाजिक,भौतिक पूर्वाधार, वन वातावरण  र मानवीय विकास मार्फत समावेशी, गुणस्तरीय र सन्तुलित दीगो  विकासमा टेवा पुर्‍याउने

**सिम्ता गाउपालीकका विषयगत उद्धेश्यहरु**

**आर्थिक विकास :**

- आर्थिक विकासका अवसरमा अभिबृद्धि भई गाउपालीका बासीको आयमा बृद्धि भएको हुनेछ ।

**सामाजिक विकास**

- गाउपालीकामा सामाजिक सेवा तथा सुविधाको गुणस्तर र उपयोगमा अभिबृद्धि हुनेछ ।

**भौतिक पूर्वाधार  विकास**

- गाउपालीकामा भौतिक पूर्वाधार विकास व्यवस्थित, सुरक्षित र दीगो भएको हुनेछ ।

**वन तथा वातावरण एव सेवा प्रवाह**

- वन वातावरण तथा  जैविक विविधता  श्रोतको दीगो व्यवस्थापन र उपयोग सुनिश्चित भएको **हुनेछ ।**

**संस्थागत विकास तथा सुशासन**

- सेवा प्रदायक तथा सेवाग्राहीको क्षमता र सामाजिक जवाफदेहितामा अभिबृद्धि भएको हुनेछ ।

**अपेक्षित उपलव्धीहरु**

- सिम्ता गाउपालीकाको समृद्ध सिम्ता र सुखि सिम्तालीको नारालाई सफलीभूत वनाउनका लागि गत वैशाख ३१ गतेका दिन सम्पन्न स्थानिय तहको पहिलो निर्वाचन पछि स्थानिय तहहरुमा एक प्रकारको उत्साह र उमंग पलाएको छ । करिव दुई दशक सम्म जनप्रतिनिधी विहिन अवस्थामा रहेको स्थानिय तहमा सिंहदरवारको सरकार गाउ समाजमा नै स्थापित भएको छ । जनताहरुका आशा र अपेक्षाहरुमा व्यापक बृद्धि भएको छ । आम नागरिकहरुका आशा र अपेक्षाहरुको सम्वोधन गर्नका लागि नव निर्वाचित जन प्रतिनिधीहरुले सवै भन्दा पहिल स्वयं आफैले निर्मामता पूर्वक लाग्न आवस्यक छ । मुलुकको साशन व्यवस्थाको रुपान्तरण संगै मानविय सोच दृष्टीकोण र व्यवहारमा व्यपक रुपानतरणको जरुरी रहेको छ । साशन संचालनका विगतका विधि तथा प्रक्रियाहरुमा व्यपक फेरवदल गर्न आवस्यक छ । नया संविधानको मर्म र जन चहाना अनुसार साशन संचालन गर्न आवस्यक छ । स्थानिय जनताहरुले अपेक्ष गरे अनुरुप र संविधानले व्यवस्था गरेको जन अधिकारको रक्षाका लागि संविधानको अनुसूची ८ मा व्यवस्था गरिएका २२ वटा अधिकार क्षेत्रका आधारमा नीति र विधिहरुको परिधिमा रहेर सवै जनप्रतिनिधीहरु र सवै कर्मचारीहरु परिचालीत भएर जनताहरुको सेवामा समर्पित हुन आवस्यक छ ।
- आगामी आर्थिक वर्षमा  सिम्ता उज्यालो कार्यक्रम अन्तर्गत गाउपालीकामा विधुतिकरणको सुरुवात हुने छ । यस गाउपालीकामा अहिले सम्म पनि सडक यातायातको सुविधा नपुगेको स्थानमा सुविधा सम्पन्न सडकहरुको विकास र विस्तार भएको हुने छ । गाउपालीकाका वडा

तह तथा टोल वस्तीहरुमा स्वच्छ सफा खानेपानीका आयोजनाहरु निर्माणको लागि गाउपालीकाको वजेट र खानेपानी संग सरोकार राख्ने संघ संस्थाहरु र विषयगत कार्यालयहरुसंग समन्वय गरि योजनावद्ध विकासको सुरुवात गरिने छ ।

- यस गाउपालीकामा विगतमा संचालन हुदै आएका गुजरामुखी कृषि प्रविधिको व्यापक रुपानतरण गरिने छ । कृषिका आधुनिकीकरण तथा व्यवसायीकारणका लागि योजना निर्माण गरि कार्यान्वयन गरिने छ । जसको लागि कृषि विकास र प्रवर्धनका लागि संभाव्य स्थानहरु र वडाहरुमा कृषिका पकेट क्षेत्र घोषण गरि कार्यक्रम निर्माण गरि कार्यान्वयन गरिने छ ।
- सामाजिक समावेशीकरण तथा सशक्तिकरणका लागि पछाडी परेका तथा सिमान्तकृत वर्ग समुदायहरुको आर्थिक , सामाजिक र सांस्कृतिक विकासको लागि विभिन्न प्रकारका कार्यक्रमहरु निर्माण गरि कार्यान्वयन गरिने छ ।

## २.२ बार्षिक नीति ,वजेट तथा कार्यक्रम तर्जुमाका लागि अवलम्वन गरिएको प्रमुख नीति तथा आधारहरु

नेपालको संवैधानिक व्यवस्था अनुसार स्थानिय तहका २२ वटा अधिकारहरुको व्यवस्था गरिएको छ । यसमा उल्लेख गरिएका स्थानिय तहका अधिकार अन्तर्गत नगर प्रहरी , सहकारी संस्था स्थापना र संचालन , स्थानिय संचार माध्यामहरुको स्थापना र संचालन, स्थानिय कर संकलन र परिचालन स्थानिय सेवाहरुको व्यवस्थापन ,तथ्यांक तथा अभिलेखहरुको संकलन , स्थानिय स्तरका विकास आयोजनाहरु तथा परियोजनाहरु संचालन तथा व्यवस्थापन गर्ने ,आधारभुत र माध्यामिक शिक्षा,आधारभूत स्वास्थ्य र सरसफाईको व्यवस्था गर्ने जस्ता अधिकारहरुको व्यवस्था गरिएको छ । स्थानिय वजार व्यवस्था ,वातावरण संरक्षण र जैविक विविधता ,सडक, सिंचाईको सुविधाको व्यवस्था गर्ने । स्थानिय स्तरमा गाउ सभा, स्थानिय अदालन ,मेलमिलाप र मध्यस्थताको व्यवस्था गरिएको छ । स्थानिय अभिलेख व्यवस्थापन र घर जग्गाधनि पुर्जा वितरण , कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थपन ,पशुस्वास्थ्य र सहकारीको व्यवस्थापन र परिचालनको अधिकारको व्यवस्था गरिएको छ । स्थानिय तहका ज्येष्ठ नागरिक,अपांगता भएका र असक्त नागरिकहरुको कुशल व्यवस्थापन गर्ने,कृषि प्रसारको व्यवस्थपन ,संचालन र नियन्त्रण गर्नु छ । त्यसै गरि खानेपानी,साना जलविधुत आयोजनाहरुको निर्माण तथा वैकल्पिक उर्जा र विपद व्यवस्थपन,जलाधार ,वन्यजन्तु संरक्षण ,खानी तथा खनिज पदार्थको संरक्षण ,भाषा संस्कृति र ललितकालाको संरक्षण र विकासको अधिकार जस्ता पक्षहरुको अधिकारहरुको व्यवस्था गरिएको छ ।सोही अनुरुप यस सिम्ता गाउपालीकाको बार्षिक नीति तथा कार्यक्रम र वजेट तर्जमाका लागि आवश्यक प्रमुख नीति तथा आधारहरुको आधारमा अगाडी वढनु आजको आवश्यकता हो । अनी मात्र गाउपालीकाको योजनावद्ध विकास गरि जनताको समृद्धि सम्भव हुन सक्छ ।

### आयोजना प्राथमिकीकरणका आधारहरु

सिम्ता गाउपालीकाले योजना तथा आयोजना,वजेट तजुमा गर्न पुर्व योजना छनौट र प्राथमिकीकरणको आधार र मापदण्ड तयार पर्दछ । यस्तो आधार र मापदण्ड तयार गर्दा वस्ती ,टोल , वडा स्तर र गाउपालीका स्तरका छुट्टा छुट्टै मापदण्ड र आधार तोकिए वमोजिम गरिएको छ । यस्ता आधार र मापदण्ड तयार गर्दा यस प्रकारका आधारहरुको तय गरिएको छ ।

### योजना तर्जुमाका आधारहरु

- नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सुची , नेपालको संविधानमा उल्लेखित मौलिक हक, नेपालको संविधानको भाग ४

अन्तर्गत रहेका आर्थिक , समाजिक विकास , प्रकृतिक श्रोतको उपयोग , वातावरण संरक्षण सम्वन्धि नीतिहरु

- संविधानको धारा ५९ को आर्थिक अधिकार, भाग १९ को संघिय आर्थिक कार्यप्रणाली , नेपाल सरकारवाट स्वीकृत संघ ,प्रदेश र स्थानिय तहको वस्तुस्थिति विवरणको प्रतिवेदन ।
- संघीय तथा प्रदेश सरकारले अंगिकार गरेको आवधिक योजनाले तय गरेको नीति तथा प्राथमिकताहरु
- संघिय सरकारले अवलम्वन गरेका आर्थिक तथा वीत्तिय नीतिहरु
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु
- स्थानीय सरकार संचालन ऐनका प्रावधानहरु
- स्थानीय तहका आवधिक योजनाहरु,नीति, रणनीति , योजनाहरु त्था अध्यायन प्रतिवेदनहरु
- विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजिक संरक्षण, दीगो विकास , जलवायु परिवर्तन र विपद व्यवस्थापन तथा पोषण , सामाजिक समावेशीकरण तथा लैंगिक शसक्तीकरण तथा समावेशी विकास , वालमैत्री स्थानिय शासन , वातावरण मैत्री स्थानीय शासन , खुल्ला दिशा मुक्त तथा पुर्ण सरसफाई , उर्जा संकट लगायतका अन्तर सम्वन्धित विषयहरु
- स्थानीय तहले आवश्यक देखेका खर्च संरचना अनुरुप प्राथमिकतामा परेका कार्यक्रमहरु
- स्थानीय तहले आवस्यक देखेका अन्य विषयहरु

## आयोजना तथा कार्यक्रम प्राथमिकताका आधारहरु

- आर्थिक विकास र गरिवी निवारणमा योगदान पुरुयाउने
- उत्पादनमुलक र छिटो प्रतिफल दिने (ठुला आयोजनाहरुको हकमा वढीमा ३ वर्षमा सम्पन्नहुने ।
- राजश्व परिचालनमा योगदान पुर्‍याउने
- सेवा प्रवाह , संस्थागत विकास र सुशासनमा योगदान पुर्‍याउने
- स्थानीयश्रोत साधनमा आधारित भई जनसहभागिताको अभिवृद्धि गर्ने
- लैंगिक समानता , सामाजिक समावेशीकरणको अभिवृद्धि हुने
- दीगो विाकास , वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्‍याउने
- समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशिल वढाउने ।
- स्थानीय परिवेश, संस्कृतिको परिहचान निर्माण गर्ने
- स्थानीय तहले आवस्यक देखेका अन्य विषयहरु

## सिम्ता गाउपालीकाको समग्र विकासका लागि अवलम्वन गरिएको स्थानीय नीति

सिम्ता गाउपालीकाको समग्र विकासको लागि यस गाउापालीकामा SIMTALEE मोडेलको विकासको अवधारणलाई अगाडी वढाईने छ । जसलाई यस प्रकास प्रस्तुतगर्न सकिन्छ :
Sustaniable Development दीगो विकास
,Infastructure Development पर्वाधार विकास
,Mobilization local &Human Resources मानविय श्रोतको परिचालन
,Techononology & Transparant Developmentप्रविधि र पारदर्शि विकास,
Accountability for People जनता प्रति उत्तरदायी
,Long Term Vision दीर्घकालीन सोच ,

Empowerment of Ma rginilize groups उत्पीडित वर्गहरुको सशक्तिकरण र Effeciency & Effective Performance प्रभावकारी कार्यसम्पादन

माथी उल्लेखित गरिएको गाउपालीकाको स्थानीय नीतिका आधारमा अगाडी वढन सकेमा मात्र गाउपालीकाको आर्थिक समृद्धको सपना साकार पार्न सकिन्छ । जसवाट मात्र हामीले चाहेको समाजको परिकल्पना पुराहुन सक्छ । यसको लागि यहाको स्थानीय सरकारका सवै अंगहरु साझेदार निकायहरु विषयगत कार्यालयहरु र आम नागरिकहरु सकरात्मक सोचका साथ अगाडी वढन आवस्यक छ ।

**अन्यप्रमुख नीतिहरु**

क) यस सिम्ता गाउापालीकाका आम जनताहरु अहिले पनि अध्यारोमा जिवन विताई रहेका छन । यहाका जनताहरु दियालो, टुक्कीको भरमा जिवन गुजारीरहेका छन । सुख, शान्ति र अमन चयनका साथ जिवन जिउन पाउनु सवैको नैसर्गिक अधिकार हो । सिम्ताली जनताहरुलाई सहजरुपमा जिवन जिउनका लागि आगामी ५ वर्ष भित्र सिम्ता गाउपालीकामा ***"सिम्ता उज्यालो कार्यक्रम "*** मार्फत सवै वडाहरुमा विधुतीकरण गरिने छ । त्यसै गरि यातायात मानव विकास र सामाजिक समृद्धीको एक महत्वपूर्ण पक्ष हो ।

ख)सिम्ता गाउपालीकाका कतिमय वडाहरुका केन्द्रमा अहिले पनि सहज यातायातको सुविधा पुगेको छैन तसर्थ यहका नागरिकहरुलाई सहज जिवनयापन गर्न, आवत जावतमा र सामाजिक समृद्धीको वटोमा अगाडी वढन समस्या सृजना भएको विद्धमान अवस्था छ । समृद्ध सिम्ता र सुखी सिम्तालीका सपना सफलीभूत वनाउनका लागि यस अवधिमा सिम्ता गाउपालीकाका ***"सवै वडा केन्द्रहरुमा सुविधा सम्पन्न पहुच मार्ग"***को विस्तारको नीति अवलम्वन गरिने छ ।यसको लागि सडक गुरु योजना निर्माण गरि कार्यानवयन गरिने छ ।गत गाउसभाको निर्णय अनुसार ऋषि स्मृति चत्रपथ र ईन्द्र वि सी द्रुत मार्गलाई यस गाउपालीकाका पुर्वाधार विकासमा गौरवका योजनाको रुपमा स्तर उन्नती गरिने छ जसको लागि वजेट विनियोजनमा पहिलो प्रथमिकता दिईने छ ।

ग) सिम्ता गाउपालीकाका नागरिकहरु हहिले पनि भेरी नदी तथा आली खोला र जुगै खोलाको पानी खान वाध्य भएका छन । सवै नागरिकहरुको स्वस्थ रहने र वाच्न पाउने अधिकारको लागि ***"स्वच्छ र सफा पिउने पानी"*** को व्यवस्थाको लागि सवै सरोकारवाला निकायहरुसंग समन्वय गरि प्रवन्ध गरिने छ । यसलाई कार्यान्वयन गर्नका लागि जन सहभागितामा आधारित योजना तर्जुमा र कार्यानवयन गरिने छ ।

घ) सिम्ता गाउपालीका सुर्खेत जिल्लाको सुदूर पूर्वमा रहेको गाउपालीका हो । यहाका जनताहरु अधिकांस कृषिमा आधारित रहेका छन । यहाको कृषिको आधुनिकीकरण र व्यवसायीकारण आजको आवस्यकता हो । कृषिको व्यवसायीकारण र आत्मनिर्भर कृषि प्रणालीको विकासको लागि ***जनतासंग सिम्ता गाउपालीका कार्यक्रम अन्तर्गत ,अध्यक्ष व्यवसायीक कृषि प्रवर्धन तथा आधुनिकीकरण कार्यक्रम*** लाई सिम्ता गाउपालीकाको प्रमुख आर्थिक विकासको कार्यक्रम वृहत योजना निर्माण गरि कार्यान्वयन गरिने छ जसवाट सिम्ता गाउपालीकाको आर्थिक अवस्था तथा गरिवीको दरलाई ३९.१ वाट कम गर्ने नीतिलाई संस्थागत रुपमा अगाडी वढाईने छ ।स्थानिय सरकारको तर्फबाट पहिलो पटक गाउपालीकाको गरिवी नक्सांकन गरि गाउपालीकाको वास्तविक अवस्थाको पहिचानका आधारमा मागमा आधारित र आवस्यकतामा आधारित विकासको योजना निर्माण गरि गरिवी घटाउनका लागि पहल गरिने छ ।

## सिम्ता गाउपालीकाका क्षेत्रगत नीति तथा आधारहरु

### आर्थिक क्षेत्र

***"आर्थिक क्षेत्रको विकास , सिम्ता गाउपालीकाको एक मात्र निकास"*** भन्ने मूल नराका साथ यस गाउ पालीकाको विकास गर्न जरुरी छ । यस गाउपालीकाको आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको भेरी नदी , पर्यटन, जडीवुटी, कृषि ,पशुपालन, वन साना तथा मझ्ेउला उध्योग आदि क्षेत्रको विकास गरि गाउपालीकाको अर्थ तन्त्रलाई सवल सक्षम र आत्म निर्भर वनाईने छ । यस क्षेत्रको विकासका लागि गाउपालीकालाई समृद्ध वनाईने छ । गाउपालीकाको समग्र विकासका लागि आवस्यक जनशक्ति,आधुनिक ज्ञान ,सिप र प्रविधिको विकास गरि गाउपालीकालाई सक्षम वनाईने छ । यहाको आर्थिक विकासका लागि कृषिमा आधुनिकीकरणका लागि (तअपाटी)अभियान संचालन गरि कृषिमा व्यवसायीकरण गरिने छ । जसका लागि अदुवा ,अमिलो जातीका फलफूल आप,अलैची ,तरकारी ,पालन र टीमुर खेतीलाई प्राथमिकताका साथ अगाडी वढाईने छ । यहाको आर्थिक वृद्धिदरलाई द्रुत गतिमा अघिवढाई गरिवी न्यूनीकरण र पछौटेपनको अन्त्य तथा न्यायपूर्ण श्रोत वितरणमार्फत सामाजिक रुपान्तरणलाई सुनिष्चित गरिने छ । सरकारी ,नीजी, सहकारी र गैह्र सरकारी र सामुदाय विच साझेदारीको निति अपनाईने छ । गाउपालीकामा आवस्यक वैंक तथा वित्तीय संस्थाहरुको स्थापना र विकास गरिने छ । गाउपालीकामा यूवा स्वरोजगारमा विशेष जोड दिईने छ ।

### कृषि, सिचाई तथा पशु विकास

- गाउपालीकाले स्थानीय उद्योग तथा उद्यमीसंग सम्वन्धित संस्थाहरुसंग सहकार्य गरि वडाहरुको पहिचानको आधारमा एक वडा एक वस्तु विकास गरि उत्पादन तथा विक्री गर्ने कार्यक्रम संचालन गरिनेछ ।

- यस गाउपालीकाको प्रमुख आयआर्जनको सम्भावना रहेको कृषि तथा पालनमा देखिएको परम्परा र निर्वाहमुखी प्रणालीमा परिवर्तन गरि आधुनिकीकरण, व्यवसायीकरण वजारीकरणमा र प्रांगारिकीकरणमा विशेष जोड दिईनेछ । उत्पादन गर्दा उत्पादनको मूल्यमा जोड दिने गरि कार्यान्वयन गरिनेछ ।

- जलवायू अनुकूलनका प्रविधिबाट गरिने खेतीलाई जोड दिइने, खाद्यान्न तरकारी र फलफूल उत्पादनका क्षेत्रहरुमा तअपाटी कार्यक्रमहरुका लागि योजनावद्ध विकास गरिनेछ ।

- पशुजन्य उत्पादनको लागत मूल्य घटाउन घांस विकास कार्यक्रम र पशु उत्पपादन तथा उत्पादकत्वमा वृद्धि ल्याउन नश्ल सुधार कार्यक्रम संचालनमा जोड दिइनेछ,

- गाउपालीकाको भौगोलिक सम्भाब्यताको आधरमा विभिन्न मौसमी, वेमौसमी तरकारी खेती, नगदेवाली र प्रतियोगिताको कार्यक्रम मार्फत उत्कृष्ट कृषकहरुलाई पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिने ।

- गाउपालीकामार्फत विनियोजन गरिने निशर्त पूंजीगत वजेटको कम्तीमा १० प्रतिशत वजेटलाई कृषि पशु तथा सीप विकासमा खर्च गर्ने गरि रकम विनियोजन गर्ने नीति अवलम्वन गरिने छ ।गाउपालीका अन्तर्गत एक वडा एक प्राविधिकको कार्यक्रमलाई प्राथमिकताका साथ अगाडी वढाईने छ यसको लागि दुई वडाहरुमा एक कृषि प्राविधिक र एक पशु प्राविधिक थप गरिने छ ।

- ❖ ऋषिराजमार्ग, शहिद ऋषि स्मृति चक्रपथ अन्य सडक आसपास क्षेत्रमा ब्यबसायीक कृषि पकेट क्षेत्रहरुको विकास गराउन स्थानीय स्तरमा सम्भाब्यता अनुरुपका कृषि बस्तुको ब्यबसायीक विकास कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- ❖ गाउपालीकाका संभाव्य गाउहरुको पहिचान गरि नमूना गाउ  निर्माण गरिने छ जसका लागि सवै वडाहरुको संभाव्यता अध्यायन गरि  संचालन गरिनेछ ।
- ❖ गाउपालीकामा  सिचाई व्यवस्थाको लागि गाउपालीका सिंचाई गुरुयोजना (RIMP) निर्माण गर्ने र सो का आधारमा गाउपालीकामा प्राथामिकता तोकि वजेट विनिययोजन गर्ने नीति अवलम्वन गरिने छ  ।

**पर्यटन विकास**

❖  गाउपालीकाका ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक धरोहरहरूको पहिचान तथा संरक्षण गरी पर्यटन क्षेत्रको विकासका लागि पर्यटन संग सम्वन्धित संघ संस्थाहरु, पर्यटन कार्यालय ,पर्यटन वोर्ड, निजी तथा गै.स.स. संगको सहकार्यमा अघि वढिनेछ  ।

❖  पर्यटन पुर्वाधार विकास कार्यलाई अघि वढाउनका लागि सुचना केन्द्र भ्युप्वाइन्ट, पर्यटन मार्ग, परम्परागत संस्कृति परम्पराहरुको  संरक्षण कार्यलाई अघि वढाइने छ ।

❖  गाउपालीकाका संभाव्य स्थानहरुमा होमस्टेको स्थापना गरि संचालन गर्नका लागि उत्प्रेरित गरिनेछ । जसका लागी स्थानीय सहकारी र गै.स.स.लाई परिचालन गरिनेछ ।

❖  गाउपालीकाले गाउसभा मार्फत सिम्ता गाउपालीकाका राजकाडा दरवार देखि कोटको थुम्को पातीहाल्ना, भोटेचुली देखि तामाचुली र राकम देखि छेडा वजार सम्मको क्षेत्रहरुलाई पर्यटन क्षेत्र घोषणा गरे अनुरुप पर्यटनको विकासमा जोड दिईने छ । गाउपालीकाले घोषण गरिएका ३ वटा पर्यटन क्षेत्र घोषण गरिएका क्षेत्रमा एक एक वटा होमस्टेको स्थापना र परिचालन गरिने छ । साथै सिम्ताका राजकाडा दरवार , कोटको थुम्को र भोटेचुलीको प्रवर्धन र विकास गरिदै लगिने छ ।

**उद्योग, वाणिज्य बैकिंग सहकारी**

- ❖ गाउपालकिा भित्र स्वरोजगारमुलक रुपमा रहेको घरेलु उद्योगलाई स्थापना र संचालन गर्नका लागिप्रोत्साहन दिन घरेलु तालिम एवं सीप विकासका कार्यक्रमहरु ग्रामीण तहमा संचालन गरिनेछ ।
- ❖ उद्यमशिलताको विकास सँगै लघु घरेलु तथा साना उद्यमलाई विकास विस्तार र प्रवर्द्धन गर्नका लागि आवश्यक स्रोतको ब्यबस्था गर्दै गाउपालीकामा घरेलु विकास कार्यालय र लघु उद्यम विकास कार्यक्रम (मेडेपा) मार्फत गरिबि न्यूनिकरण सम्बन्धी कार्यक्रम संचालनमा विशेष जोड दिईने छ ।
- ❖ सहकारीको अवधारणा अनुरूप व्यवसायिक खेती एवं व्यवसायिक पशु पालनमा संलग्न गराउंदै सहकारी संस्थाहरूलाइ जडीबुटी संकलन, प्रशोधन तथा निकासी जस्ता कार्यहरूका लागि प्रवर्द्धनात्मक क्रियाकलापहरू सञ्चालन गरिनेछ ।
- ❖ निजी क्षेत्रलाई सहभागिता गराई गाउपालीकामा आधुनिक संकलन केन्द्र र स्तरिय शित भण्डारण निर्माण कार्यान्वयनका लागि पहल गरिने छ ।

**सामाजिक विकास**

***युवा तथा खेलकुद***

❖ गाउपालीकामा सेवा सुविधाको अवसरबाट टाढा रहेका ग्रामीण क्षेत्रका बेरोजगार युवा वर्गलाई विभिन्न निकायहरूसँग समन्वय गरी सीपमूलक, आयमूलक एवं क्षमता अभिवृद्धि कार्यक्रमहरुको व्यवस्था गरि व्यवसायीकरण तर्फ जोड दिईनेछ ।

❖ खेलकुद क्षेत्रमा संलग्न व्यात्तिहरुलाई उनीहरुको क्षमताको विकास गर्न र उनीहरुको प्रोत्साहनको नीति अवलम्वन गरिनेछ साथै सिम्ता गाउपालीकामा खेलकूदको संस्थागत विकास गर्नका लागि गाउपालीका स्तरिय खेलकुद विकास समिति गठन गरि संस्थागत विकास गरिने छ ।

❖ गाउपालीकामा खेलकुदको विकास र प्रवर्धनका लागि सिम्ता स्तरिय रंगशालाको निर्माण गरि कार्यान्वयन गरिने छ साथै वडा स्तरमा आवश्यक्ता अनुसार खेलमैदान निर्माण गर्ने कार्यलाई अगाडि बढाइनेछ ।

**कला, संस्कृति, भाषा र साहित्य**

❖ सिम्ता गाउपालीकामा रहेका सांस्कृतिक एवं धार्मिक महत्वका स्थानहरु, भाषा, धर्म, कला र संस्कृति आदिको संरक्षण र सम्वर्द्धन गरि नागरिकको सामाजिक सांस्कृतिक अधिकारको संरक्षण र उपयोग गर्नमा जोड दिइनेछ ।

❖ जिल्लाको ऐतिहासिक र परम्परागत क्षेत्रको रुपमा रहेका सिम्ता दराको सर्वागिण पक्षको विकासका लागि विशेष प्राथमिकता दिदै यहाको कला संस्कृति र परम्पराको संरक्षणको नीतिलाई निरन्तरना दिइनेछ ।

❖ सिम्ता गाउपालीकामा रहेका परम्परा वोकेका राजकाडा दरवार, भोटे चुली मठ मन्दिरहरु आदि एतिहासिक स्थल पहिचान गरि पर्यटक प्रवर्द्धनमा उपयोगमा ल्याईनेछ ।

**सामाजिक विकासका लागि सामाजिक परिचालनः**

❖ गाउपालीकामा रहेका गै.स.स. हरुको विवरण तयार गरि यहा क्रियाशिल गै स स हरुसंग समन्वयमा NGO DESK संचालन गरिनेछ

❖ गाउपालीकामा संचालन गरिने विकास निर्माणका सवै गतिविधि र क्रियाकलापमा एकरुपता एवं समन्वय कायम गर्नका लागि कम्तीमा त्रैमासिक रुपमा सरोकारवालहरु सहितको समन्वयात्मक रुपमा वैठक वसी कार्यक्रमलाई अगाडि वढाइनेछ

❖ यहा क्रियाशिल रहेका गैह्र सरकारी संघ संस्थाहरुसंगको साझेदारीमा योजना तर्जुमा लगायतका गाउपालीकाका महत्वपूर्ण कार्यहरुमा संचालन गर्न आगामी दिन यसलाई प्रभावकारी कार्यान्वयन गरिने छ ।

❖ हाल संचालनमा रहेका वडा नागरिक मञ्च, नागरिक सचेतनाहरुको क्षमता विकासमा जोड दिइने र स्थानीय तहका कार्यक्रमहरु संचालन गर्दा वडा नागरिक मञ्च र नागरिक सचेतनाहरुलाई परिचालन गरिनेछ । विगत वर्ष देखि कार्यरत स्थानिय शासन तथा साम'दायीक विकास कार्यक्रम अन्तर्गतका सामजिक परिचालकहरुलाई गाउपालीका मार्फत परिचालन गरिने छ । सामाजिक परिचालकहरुलाई गाउपालीकाको सामाजिक विकास शाखा अन्तर्गत गरिने सामाजिक परिचालन तथा सामाजिक सशक्तिकरणका अभियानहरुमा सक्रियता पुर्वक परिचालन गरिने छ ।यसको लागि आवस्यक वजेटको व्यवस्था गरिएको छ ।

**लक्षित वर्ग,**

- ❖ सामाजिक परिचालनका क्षेत्रमा कार्यरत संस्थाहरु परिचालन गरि विपन्नता नक्शांकन तथा स्तरिकरण गर्ने र प्रथामिकताका आधारमा सामाजिक शसक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।

- ❖ सरकारी तथा गैह्रसरकारी संस्थाहरूबाट अपाङ्गमैत्री, लैंगिक मैत्री क्रियाकलाप तथा कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिइने छ ।

- ❖ साथै राष्ट्रिय अभियानका कार्यक्रमहरुलाई पुर्णता दिनका लागि यस जिल्लाले पनि बालमैत्री छुवाछुत मैत्री, छाउपडी मुक्त, बालविवाह मुक्त, बालश्रम मुक्त, घरभित्रको धुवांरहित, अर्गानिक खेती, उज्यालो कार्यक्रम, सुरक्षित मातृत्व पुर्ण घटनादर्ता युक्त, दुध मासु र अण्डामा निर्भर गाउपालिका  घोषणा, वालीघरे प्रथा उन्मुलन, प्लाष्टिक मूक्त लैंगिक हिंसामुक्त वडा घोषणा कार्यक्रमलाई एकसाथ घोषणा गर्ने गरि विभिन्न कार्यक्रमहरुलाई अघि वढाउने, सो को जिम्वेवारी लिन चाहाने गै.स.स.हरुलाई म्याचिंग फण्ड को व्यवस्था विषयगत कार्यालय मार्फत गरिनेछ ।

- ❖ अनाथ, असहाय, हिंसा पिडित महिला, वालवालिका तथा जेष्ठ नागरिकहरुलाई प्रारम्भिक वासस्थानको व्यवस्थागर्नका लागि निजी तथा गै.स.सहरुको समन्वयमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- ❖ अपाङ्गहरूको शतप्रतिशत सहभागितामा सञ्चालित सहकारी वा सहकारीमूलक व्यवसायलाई प्रोत्साहन स्वरूप अनुदान दिईने छ ।

- ❖ लक्षित वर्गको कार्यक्रमलाई एकद्धार प्रणाली मार्फत संचालन गर्नका लागि स्थापना गरिएका समन्वय समितिहरुलाई वडा तहमा विस्तार गरिने नीतिलाई निरन्तरता दिइने छ । लक्षित वर्गका लागि छुट्याईएको बजेटलाई अवण्डा नराखी सम्वन्धित क्षेत्रमा पुर्ण कार्यान्वयन गरिनेछ ।

## शिक्षा, स्वास्थ्य र सरसफाइ

- ❖ अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा गर्ने गाउँ शिक्षा समितिलाई आम्दानीको वृद्धिका लागि आयआर्जन युक्त कार्यक्रममा  म्याचिंग गर्न चाहेमा गाउपालिका, विषयगत कार्यालय र गै.स.स.बाट म्याचिङ्ग फण्डको व्यवस्था गरिनेछ ।

- विभिन्न किसिमका महामारी रोग, संक्रामक र सरुवा रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि समन्वयात्क रूपमा कार्य अगाडि बढाईने छ । HIV/AIDS बाट संक्रमितहरूको लागि राहत, पुनर्स्थापना तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिने छ ।जनस्वास्थ्य तथा पोषणमा सुधार गरिने छ । गाउपालीकामा सुरक्षित खानेपानी तथा पूर्ण सरसफाई योजनावद्ध विकालाई प्रथमिकताका आधारमा अगाडी बढाईने छ । गाउपालीकाका सवै वडाहरुका नागरिकहरुलाई स्वास्थ्यमा पहूच वृद्धि गर्नका लागि र सहजरुपमा सर्वसुलभ रुपमा सेवा प्रवाह गर्नका लागि योजना निर्माण गरि अगाडी वढाईने छ । यस गाउपालीकाका केही वडाहरुका वस्तीहरु स्वास्थ्य केन्द्र भन्दा टाढा रहेकाले त्यस्ता वस्तीहरुमा स्वास्थ्य सेवा सहज रुपमा प्रवाहा गर्न कठिनाई भई रहेको छ । यस प्रकारको समस्याको समाधानका लागि प्राथमिकताका आधारमा यस आ व मा काप्रीचौरको वैसपानी, घोरेटाको वाखर्क रकाफलकोटको दुर्पालामा समुदायीक स्वास्थ्य ईकाई केन्द्र स्थापना र संचालन गरिने छ ।यसको लागि आवस्यक वजेटको व्यवस्था गरिएको छ ।

## पूर्वाधार विकास

### भौतिक पुर्वाधार क्षेत्र

सिम्ता गाउपालीकाको समृद्धीको आधार भौतिक पूवाधार विकासको नारालाई सफलीभूत वनाउनका लागि यस गाउपालीकाको समग्र विकासको लागि योजनावद्ध विकासको अभियान संचालन गरिने छ । यस गाउपालीकाका केही वडाहरुका केन्द्र सम्म अहिले सम्म पनि सुविधा सम्पन्न सडकको अभाव विध्यमान अवस्था रहेको छ । यस गाउपालीकाको वडा नं ५ ,६,७ र ८ मा चक्रपथको विकास गरिने छ । त्यसै गरि वाखर्क,गान्द्रा, काफलकोट,सिर्पा,देउली,पातिहाल्ला आलि, दुनि दह,डाडाखाली जामुनेवजार चक्रपथको विकास र स्तरउन्नती गरिने छ । यस गाउपालीकाको सदरमुकामवाट सवै वडाहरुमा सवै प्रकासका सवारी साधनहरु सहज रुपमा आवत जावत गर्नका लागि सडकहरुको स्तर उन्नती गरिने छ । सिम्ता गाउपालीकाको रहर , स्वच्छ र सुन्दर नगरको नाराका रुपमा यस गाउपालीकामा नगर विकास तथा व्यवस्थित वरोवारको कार्यक्रमका आधारमा भौतिक विकास गरिने छ । समृद्ध सिम्ता गाउपालीकाको आधार ,पर्यटन प्रवर्धन विकास र विस्तारको आधारमा यस गाउपालीकाको पर्यटन विकासमा जोड दिईने छ । यस गाउपालीकाको पर्यटन प्रवर्धनका लागि वृत्त चित्र तयार गरिने छ । यस गाउपालीकाको पर्यटन विकासको लागि गुरु योजना निर्माण गरि पर्यटन प्रवर्धन र विकास गरिने छ ।

भौतिक योजना, सुरक्षित आवास तथा सार्वजनिक निर्माण गरिने छ सडक, यातायात तथा बजार विकास र विस्तार गरिने छ । विद्युत तथा वैकिल्पक उर्जा उत्पादन, सेवा विस्तार र प्रवर्धन गरिने छ त्यसको साथै सूचना, संचार प्रविधि विस्तार र उपयोग गर्नेशहरी विकास, भू-दृश्य र हरियाली व्यवस्थापन गरिने छ ।

### सडक यातायात तथा खानेपानी

❖ गाउपालीकाका सडकहरु निर्माण गर्दा गाउपालीका याातायात गुरुयोजनाले प्राथमिकता तोकेका सडकहरुलाई प्राथमिकता दिइनेछ । हाल सम्म पनि सडक संजाल पुर्‍याउन नसकेका वडाहरुमा सडक संजालमा आवद्ध गरिनेछ ।

❖ वाखर्क गान्द्रा खनेटा वादासाला नाहगाउ काफलकोट हुदै देउली पातीहाल्ना आली दुनी दह चोल्पा, डाडाखाली, काप्रीचौर जामुनेवजार (ऋषि स्मृति चक्रपथ) निर्माण तथा स्तरउन्नती गरिनेछ ।

❖ गोजी आली दुनी दह हुँदै नेटा कल्याण साटाखानी धुलियाविट (शहिद ईन्द्र वि सी द्रुत मार्ग ) सडक संजाल, जोड्ने सडकको विस्तार र स्तरोन्नती कामका लागि चिंगाड गाउपालीका र लेकवेसी नगरपालीकासंग समन्वय गरि निर्माण गरिनेछ ।

❖ गोजी बजेडीचौर देउली सिर्पा काफलकोट नाहगाउ बाखीखोर हुदै रानिवासको पाठोकाट्ने थाला चिउदह जाजरकोट मध्य पहाडी राजमार्ग जोड्ने सडक निर्माण गरिनेछ ।

❖ गाउपालीकाका अधिकांश सडकहरु अत्यन्त सांघुरा भएकोले भईरहेका सडक तथा नयां बन्ने सडकहरु निर्माण गर्दा प्रत्येक सडकको अधिकार क्षेत्र अनिवार्य कायम गरि सो भन्दा बाहिर मात्र पुर्वाधारका संरचनाहरु निर्माण दिने नीति कार्यान्वयनलाई निरन्तरता दिइनेछ र घर वरिपरी सडक नभई सडक क्षेत्रमा घर तथा वस्ती निर्माणको नीति अवलम्वन गरिनेछ ।

❖ गाउपालीकामा आफैले निर्माण गरेका र विषयगत कार्यलयहरुले निर्माण गरि हस्तान्तरण भई आएका सबै स्थानीय पुर्वाधारको अद्यावधिक अभिलेख तयार गरिनेछ साथै सडकहरुको गुरुयोजनाDTMPनिर्माण गरि वेवसाईडमाा राखि व्यवस्थित गरिने छ ।

❖ विगतदेखि स्थानिय निकायहरु तथा विषयगत कार्यालयहरुवाट निर्माण गरि संचालनमा रहि आएको अघुरा तथा क्रमागत योजनाहरुलाई आवश्यक वजेटको प्रवन्ध गरि कार्यान्वयनमा लगिने छ ।साथै वडास्तरमा सिफारिस भएका तर प्राथामिकतामा पर्न नसकेको योजनाहरुलाई योजना सुचीमा राखी ती योजनाहरुलाई मात्र सिफारिस गर्ने नीतिलाई अवलम्वन गरिनेछ ।

❖ सडक निर्माण गर्दा आवश्यक स्थानमा ट्याक खोल्ने र गाउपालीका यातायात गुरुयोजनामा समावेश भएका र सिम्ता गाउपालीकाका समग्र विकासको लागि महत्वपूर्ण मानिएका सडकहरुलाई बाह्रै महिना संचालनमा ल्याउने कार्यलाई विशेष प्राथामिकता दिइनेछ सो कामका लागि गाउपालीकाबाट रकम विनियोजन गरिने नीतिलाई समेत अवलम्वन गरिनेछ ।

❖ यस सिम्ता गाउपालीकाको खानेपानीको समस्यको समाधानका लागि भेरी नदी ,आलीखोला ,जुगैखोला र अन्य सानातिना खोला र मूलहरुको अध्यायन अवलोकन गरि लिफ्ट तथा अन्य खानेपालीका आयोजनाहरु संचालनकालागि योजना निर्माण र कार्यानवयन गरिने छ ।

**भौतिक विकास आवास व्यवस्थापन तथा वस्ती विकास कार्यक्रम**

❖ जिविसले आफुले वनाएका हस्तान्तरण भई आएका, मन्त्रालय तथा विषयगत कार्यलयहरु र अन्य स्थानीय निकायले बनाएका गाउपालीका क्षेत्रमा भवन निर्माण गर्दा भवन निर्माण आचारसंहितालाई लागु गरि भूकम्प प्रतिरोधात्मक भवन निर्माण गर्ने, साथै संरचनाहरु निर्माण गर्दा वालमैत्री, अपांगमैत्री लैंगिक मैत्री र महिला मैत्री संरचना निर्माणको नीतिलाई अवलम्वन गरिनेछ ।

❖ भौतिक विकासका पुर्वाधार संचालन गर्दा २० लाख देखि ५० लाख सम्मका आयोजनाहरु गाउ सभाबाट स्वीकृत हुनु अगावै सम्भाब्यता अध्ययन गरेर स्वीकृत गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

**सुचना संचार, प्रविधी र उर्जाः**

❖ गाउपालीकाको वेवसाईट (www.simtamun.gov.np) को निर्माण गरिएका छ । साथै प्रयोगलाई क्रमशः समय सापेक्ष वनाइनेछ, रहेको गाउपालीकाका सवै वडाहरुमा आवश्यकताका आधारमा सूचना केन्द्रहरुको निर्माण गर्ने र आधुनिकीकरण गरिनेछ र सूचना केन्द्रलाई लक्षित वर्ग मैत्री वनाइनेछ ।

❖ सिम्ता गाउपालीकाको काम कारवाहीलाई आधुनिक सूचना र प्रविधि संग आवद्ध गर्ने नीति अनुरुप कम्प्युटराईज्ड प्रणालीलाई क्रमश प्रयोग गरिनेछ गाउपालीकाका सवै वडाहरुमा लेखाप्रणालीलाई लेखा सफ्टवेयर मार्फत संचालन गरिनेछ ।

❖ अनविकरणीय उर्जाको प्रयोगलाई निरूत्साहित गर्दै वैकल्पिक उर्जालाई जोड दिई प्राविधिक दृष्टिकोणले उपयुक्त वडाहरुलाई वैकल्पिक उर्जाको उपयोग गर्ने नीतिलाई उपयोग गर्दै आंशिक रूपमा विद्युतीकरण भएका वडाहरुमा पूर्ण रूपमा विद्युतीकरण गर्न जोड दिइनेछ । गाउपालीकामा स्थानिय समुदायको पहलमा एफ एम रेडियो स्थापना र संचालन तथा पत्र पत्रीका प्रकाशन गर्नका लागि आवस्यक सहयोग गरिने छ ।

**वातावरण तथा विपद व्यवस्थापन**

यस सिम्ता गाउपालीकाको वन वातावरण तथा विपद व्यवस्थापनको लागि स्थानिय स्तरमा रणनीति निर्माण गरि वातावरण संरक्षण तथा विपद व्यवस्थापनको योजना निर्माण गरि अगाडी वढाईने छ । जैविक विविधता वातावरण संरक्षण र वनको संरक्षण संवर्धन गरिने छ । यहाको प्राकृतिक प्रणालीको संरक्षण गरिने छ । वाझो रुपमा रहेका खेतवारीहरुमा व्यवसायीक कृषि तथा वृक्षरोपन गरिने छ । वातावरणीय संन्तुलन कायम गर्दै विपद तथा जलवायू परिवर्तनका प्रभावहरुलाई न्यूनीकरण गरि नागरिकहरुको सुरक्षा प्रदान गर्न दिगो विकास कार्यक्रमहरुलाई प्रवर्धन गरिने छ । जलवायू परिवर्तनको असरलाई कम गर्न यसको लगानीमा गाउपालीकामा वजेटको व्यवस्था गरि जलवायू अनुकूलनका कार्यक्रमहरु संचालन गरिने छ । वन वातावरण तथा विपद व्यवस्थापनका लागि सवै प्रकाका सरोकारवाला निकायहरु विच समन्वय र सहकार्य तथा साझेदारी गरि कार्यक्रमहरु संचालन गरिने छ ।

**वन तथा वातावरण**

- यस गाउपालीकामा जंगल विनाश हुने गरि जथाभावी खोटो संकलन गर्ने र जंगल विनाश परिपाटीलाई निरुत्साहित गर्दै वातावरण संरक्षण र सम्वर्द्धनमा जोड दिईनेछ ।
- गाउपालीकामा सुख्खा क्षेत्र विस्तार हुदै गएको र यसले मानव तथा पशुपंक्षीमा व्यापक असर गरेको हुंदा १ वडा १ पोखरी निर्माणको कार्यलाई प्रारम्भ गरिनेछ ।
- हाल सडकको निर्माण गर्दा वन विनाश हुन गई वातावरणमा समेत प्रतिकुल असर पर्न गएको हुदा सो को व्यवस्थापनका लागि सडकका दुवै छेउमा हरियाली व्यवस्थापनका लागि वृक्षारोपण गरि व्यवस्थापन गरिनेछ ।
- गाउपालीकामा वायु उर्जा निर्माण गर्न र उर्जाको प्रयोग गर्नका लागि सम्भावित क्षेत्रहरुको पहिचान पातिहाल्ना, देउली,आलेडाडा आदि जस्ता स्थानहरुमा वायु उर्जा उत्पादनमा जोड दिइनेछ ।
- गाउपालीकामा भू संरक्षण तथा जलाधार व्यवस्थापनमा बायो इन्जिनियरिंग प्रविधि अवलम्वन गरि सोमा जोडि दिइने छ ।
- सिम्ता गाउपालीकामा रहेको वन क्षेत्रबाट संकलित राजश्वबाट प्राप्त रकमको केहि अंश सोहि क्षेत्रको दिगो ब्यवस्थापनको लागि खर्च गर्ने ब्यवस्था मिलाइनेछ ।

***भुसंरक्षण र जलाधार व्यवस्थापन***

- गाउपालीकामा रहेका भेरीनदी आली खोला, जुगै खोलाको संरक्षण र सम्वर्द्धनका लागि गुरुयोजना निर्माण र सो को कार्यान्वयन गरिनेछ ।
- यस गाउपालीकाका विभिन्न क्षेत्रका नदि तथा खोलाहरुको कटानको अवस्था हेरी कटान नियन्त्रण तथा तटवन्धनका लागि पहल गरिने छ ।

*वतावरण तथा जलवायु परिवर्तन अनुकुलन*

- ❖ गाउपालीकामा जलवायु परिवर्तन सम्वन्धि स्थानीय अनुकुलनको योजना तर्जुमा गरिनेछ ।
- ❖ गाउपालीकाका वजार विस्तार भएका स्थानहरुमा प्लाष्टिकजन्य वस्तुहरुको प्रयोगलाई निरुत्साहित गर्दै दुना टपरी तथा वातावरण मैत्री वस्तुहरुको प्रयोगमा वढावा दिइनेछ ।
- ❖ गाउपालीकाको उपयुक्त स्थानमा एक नर्सरीको स्थापना गर्नका लागि वनकार्यालयसंग समन्वय गरि कार्यक्रमलाई संचालन र विस्तार गरिदै लगिनेछ ।
- ❖ वातावरण प्रभाव मुल्यांकनको सम्वन्धिIEE/EIAस्वीकृती गरि लागु गरिनेछ ।
- ❖ गाउपालीकामाBio- Engineering प्रविधि कार्यान्वयनमा जोड दिइनेछ ।
- ❖ स्थानीय पुर्वाधार निर्माण गर्दा स्थानिय श्रोत र साधनहरु र प्रविधिलाई पहिलो प्राथमिकतालाई जोड दिइनेछ ।

**भु उपयोग तथा हरियाली व्यवस्थापन**

- ❖ गाउपालीकामा रहेका सबै वडाहरुमा भु-उपयोग योजना निर्माण गरि कार्यान्वयनमा ल्याउने कार्यको प्रारम्भ गरिनेछ ।
- ❖ शहरउन्मुख खाली रहेको जग्गामा स्थानीय गै.स.स. र निजी क्षेत्रको समन्वयमा ग्रिन पार्कको स्थापना गरिने छ ।
- ❖ गाउपालीकाको राकम देखि गजौडा र आली सम्म हरितमार्ग निर्माणका लागि योजना निर्माण गरि लागु गरिने छ ।

**संस्थागत विकास तथा सेवा प्रवाह**

***मानव संसाधन विकास कार्यक्रमः***

- ❖ गाउपालीकाले प्रदान गर्दै आएको सेवा सुविधालाई प्रविधि मैत्री वनाउनका लागि कार्यालयको ठेगा रहेको ईमेल खोली संचालन गरिनेछ भने सवैतहका सम्पुर्ण कर्मचारीहरुलाई आधारभुत कम्प्युटर ज्ञान भएको हुने व्यवस्था गरिनेछ ।
- ❖ सिम्ता गाउपालीकावाट संचालित विकास निर्माणका लागि गठित उपभोक्ता समितिहरुमा स्थानिय प्रतिष्ठीत,कर्तव्यनिष्ठ र समाजसेवी व्यक्तित्वहरुको सहभागिता गरिने छ साथै कुनैपनि राजनैतिक दलहरुको जिम्मेवार प्रतिनिधी, कर्मचारी, शिक्षक, निर्माण व्यवसायिहरुको प्रतिनिधित्व नगराउने नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।
- ❖ गाउपालीकामा कार्यरत सवै प्राविधिक तथा प्रशासनिक कर्मचारीहरुको क्षमता विकासका लागि Training need acessment plan तयारी गरि तालिमको व्यवस्था गरि सेवा प्रवाह तथा भौतिक निर्माणको कार्यलाई स्तरिय र प्रभावकारी वनाईनेछ ।

**स्थानीय शुसासन, जवाफदेहि कार्यालय व्यवस्थापन**

- ❖ गाउपालीकाबाट सञ्चालित योजना तथा कार्यक्रमहरूको पारदर्शिता बढाउनका लागि सार्वजनिक लेखापरीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नागरीक प्रतिबेदन पत्र, नागरिक प्रतिवेदन पत्र, रेडियो कार्यक्रम सञ्चालन, योजना स्थलमा होर्डिग बोर्ड राख्ने, बुलेटिन प्रकाशन र सूचना केन्द्र सुदृढीकरण जस्ता कार्यहरूलाई निरन्तरता दिईने छ ।

- ❖ उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुको लागत अनुमान, नापी किताब, मुल्यांकन र फरफारक सम्वन्धि फारमहरु आगामी आ.व. देखि नेपाली भाषामा समेत राखिनेछ ।

- ❖ गाउपालीकामा सम्पुर्ण खरिद सम्वन्धि कार्य गर्दा सार्वजनिक खरिद ऐनको मातहतमा रही बार्षिक खरिद योजना बनाई सो को आधारमा मात्र खरिद गरिनेछ ।

**गाउपालीकाको प्रशासन व्यवस्थापन**

- ❖ गाउपालीकामा सुविधा सम्पन्न सूचना केन्द्र स्थापना गरि सूचना तथा अभिलेख केन्द्र/अभिलेख बैंकको रूपमा  विकास गर्दै गाउपालीकाको प्रमुख गतिविधिहरूसँग सम्बन्धित गतिविधिलाई श्रब्यदृश्य तथा सञ्चार माध्यमहरूबाट सार्वजनिक गरिनेछ र सूचना तथा अभिलेख केन्द्रलाई आधुनिकीकरण गरिनेछ ।

- ❖ गाउपालीकाको निर्माणधिन रहेको  पार्श्वचित्रलाई अविलम्ब निर्माण गरि प्रयोगमा ल्याईनेछ आगामी आ.व.को  सवै प्रकारका योजनाहरु निर्माण गर्नका लागि आधार तयार गरिनेछ ।

- ❖ गाउपालीकाको कार्यसम्पादनलाई नतिजामुखी जवाफदेही वनाउनका लागि यसै आ.व. गाउपालीका प्रमुख कार्यकारी अधिकृतले वडाकार्यालय सचिव तथा अन्य कर्मचारीसंग र अन्य कर्मचारीहरुसंग कार्यसम्पादन सम्झौता गरि कार्यान्वयन गरिने छ ।

**आन्तरिक स्रोत पहिचान र वित्तीय व्यवस्थापनः**

- ❖ गाउपालकिाकाको  आन्तरिक राजश्व अभिवृद्धिका लागि गाउपालीकाको  पाँच वर्षे आन्तरिक *राजस्व लेखाजोखा तथा प्रक्षेपण कार्ययोजना*को सिफारिस अनुसार राजश्व संकलनमा जोड दिइनेछ ।

- ❖ गाउपालीकाको   आन्तरिक श्रोत वृद्धि गर्नका लागि गाउपालीकाको स्वामित्वमा रहेका घरजग्गाको पहिचान गरि आपसी प्रतिष्पर्धाद्धारा भाडा निर्धारण गरि गाउपालीकाको श्रोतमा वृद्धि गरिनेछ ।

- ❖ *गाउपालीकामा* वित्तीय अनुशासन कायम गर्नका लागि बेरूजु हुन नदिने र पेश्की बेरुजुलाई निरुत्साहित गर्न यस आ.व. देखि नै योजनाको अवस्था हेरी पेश्की प्रथालाई बन्द गर्ने नीतिलाई यस वर्ष पनि निरन्तरता लिईनेछ बेरुजु फछ्र्यौट गर्ने कार्यलाई प्रमुखता दिईने छ ।

- ❖ गाउपालीकामा वित्तिय प्रशासनलाई चुस्त दुरुस्त र प्रभावकारी वनाउनका लागि पुर्ण र गाउपालीकामा क्रमिक रुपले लेखा सफ्टवेयर सम्वन्धि तालिम दिई लागु गरिनेछ ॥

**अनुगमन तथा मूल्याङ्कनः**

- ❖ स्थानीय स्वायत्त शासन ऐन, नियम र अन्य स्थानीय निकायसँग सम्वन्धित कानुनमा व्यवस्था भए अनुसारका  सर्वपक्षिय अनुगमन तथा मूल्याङ्कन प्रणाली अबलम्वन गरिनेछ गाउपालीकामा कार्यरत विभिन्न संस्थाहरु मार्फत संचालन गरिएका कार्यक्रमहरुलाई एकद्धार प्रणाली बाट अनुगमन मूल्यांकन गरिने र तेस्रो पक्षिय अनुगमनको विधिलाई अवलम्वन गरिनेछ ।

- ❖ गाउपालीकामा अनुगमन तथा मूल्यांकन गर्दा सर्वदलिय सर्वपक्षिय नागरिक समाज एवं सरोकारवालाहरुको प्रतिधित्वलाई सुनिश्चित गरि एकद्धार प्रणाली मार्फत वस्तुनिष्ठ सुचकहरु तयार गरि व्यवस्थित गरिनेछ ।

❖ गाउपालीकामा संचालितकार्यक्रमहरुको निरन्तररुपमा अनुगमन, प्रतिवेदन एवम् समिक्षा गर्नका लागि गाउपालीका अनुगमन तथा विश्लेषण प्रणाली र नियमित रुपमा प्रतिवेदन प्रणलीको लागु गरिनेछ।

❖ गाउपालीकाका गै.स.स. तथा उपभोक्ता समिति मार्फत संचालन भएका कार्यक्रमहरुको गुणस्तरियता र प्रभावकारिताको सुनिश्चितताको लागि सामाजिक लेखा परिक्षण र सार्वजानिक सुनुवाई भएपश्चात मात्र अन्तिम भुक्तानीको प्रक्रियालाई अगाडि वढाउने।

**६. विविधः**

❖ गाउपालीकाका महत्वपुर्ण मानियका योजनाहरुलाई गौरवका योजनाहरुको रुपमा छनौट गरि ती योजनाहरुलाई विशेष महत्व दिई एकद्धार प्रणाली मार्फत कार्यान्वयमा ल्याइनेछ।

❖ गाउपालीकाले संचालन गर्ने तथा गाउपालीकाको अनुदानमा विषयगत कार्यालय वा गै.स.स.मार्फत संचालन गरिने तालिम वा गोष्ठी संचालनमा एकरुपता ल्याउनका लागि गाउपालीकाले मापदण्ड तयार गरि कार्यान्वयन गर्ने छ।

❖ गाउपालीकामासंचारको विकास र प्रवर्द्धनका लागि संवैधानिक अधिकार अन्तर्गत स्थापना हुने र नियमित रुपमा संचालन गरिने मेडिया हाउसहरुको दिगोपनालाई ध्यान दिई नियमित रुपमा अनुदान प्रदान गरिनेछ।

**यस गाउसभाका अध्यक्ष महोदय कार्यपालीका तथा व्यवस्थापिकाका सदस्य महोदय**

म यस पछि गाउपालीकाको आन्तरिक स्रोत नेपाल सरकारबाट शशर्त तथा निशर्त अनुदान गाउपालीका वाट निक्षेपित विषयगत कार्यालयहरुलाई अनुदानको बजेट सिलिंगका आधारमा सहभागितात्मक योजना तर्जुमा प्रक्रिया अनुसार आगामी वर्षको कार्यक्रमहरु तयार गरि गाउमा आ.व.०७४।०७५ को यथार्थ आय व्यय र ०७५।०७६ को अनुमानित आय व्यय र कार्यक्रमलाई प्रस्तुत गर्न चाहान्छु ।

सिम्ता गाउपालीकाको गत आ.व. २०७४/०७५को विषयगत कार्यालयहरुको सशर्त अनुदान तर्फ शिक्षामा जम्मा रू १०करोड २७ लाख ४३ हजार ५ सय रुपैयां खर्च भएको छ। स्वास्थ्यमा रू १ करोड ९७ लाख ७१हजार रुपैयां खर्च भएको छ। कृषि तथा पशुमा रू २० लाख २८ हजार रुपैयां खर्च भएको छ। बितिय सामान्यिकरण अनुदानमा २१ करोड ९ लाख ७४हजार रुपैया खर्च भएको छ। उक्त खर्च रकममध्ये पूँजीगत तर्फ १६ करोड ३४ लाख १४हजार खर्च भएको छ। र चालुतर्फ ३ करोड ८५ लाख ६० हजार खर्च भएको छ।

## २.३ मुख्य मुख्य आयोजना र क्रियाकलापहरु

गाउपालीकामा गत बर्ष संचालन गरिएका प्रमुख योजनाहरुको विवरण यस प्रकार उल्लेख गर्न चहान्छु :

- सिम्ता उज्यालो कार्यक्रम अर्न्तगत सिम्ता स्तरिय विधुतिकारण कार्यक्रम
- जनतासंग सिम्ता गाउपालीका कार्यक्रम
- अध्यक्ष कृषि प्रवर्धन तथा व्यवसायीकरण कार्यक्रम
- पहुच मार्ग निर्माण कार्यक्रम
- शहिद ऋषि स्मृति चक्रपथ निर्माण कार्यक्रम
- शहिद इन्द्र वि सी फास्ट ट्याक कार्यक्रम
- जेष्ठ नागरिक निशुल्क स्वास्थ्य उपचार कार्यक्रम

### *२.४ यस गाउपालीकाको अनुमानित व्यय र श्रोत व्यवस्थापन*

- ❖ आगामीआर्थिक वर्षका लागि ३५ करोड २१ लाख ४१ हजार विनियोजन गरेको छु । कूल विनियोजन मध्य अन्तर सरकारी वित्तीय हस्तान्तरण तर्फ सशर्त अनुदान रु १५ करोड ३० लाख अर्थात ४३.८२ प्रतिशत रकम विनियोजन गरेको छु । चालु तर्फ रु७ करोड६९ लाख ५२ हजार अर्थात २२.०४ प्रतिशत रकम विनियोजन गरेको छु ।त्यसै गरि गाउपालीकाको पूजीगत अनुदान तर्फ ११ करोड ४१ लाख ८९ हजार अर्थात ३२.७० प्रतिशत र सम्पुरक कोष तर्फ रु ५० लाख अर्थात १.४४ प्रतिशत रकम विनियोजन गरेको छु ।
- ❖ विषयगत तर्फ जसमा आर्थिक विकासमा १ करोड १२ लाख ७६ हजार ,सामाजिक विकासमा ३ कारोड २० लाख ७१ हजार ,पूर्वाधार विकासमा ७ करोड ८६ लाख, वातावरण तथा विपद व्यवस्थापनम २४लाख ५० हजार संस्थागत विकासमा ७४ लाख ७ हजार र कार्यालय संचालन तथा प्रशासन तर्फ ५ करोड ५ हजार  विनियोजन गरेको छु ।
- ❖ आगामी आर्थक वर्षलाई अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्य आन्तरिक राजश्व तर्फ रु ५० लाख, नेपाल सरकारवाट प्रप्त सशर्त अनुदान वापत प्रप्त हुने रु.१५ करोड ३० लाख रहेको छ त्यसै गरि नेपाल सरकार निशर्त अनुदान तर्फ रु.९ करोड ८९ लाख राजश्व वाडफड वापत ७ करोड ६२ लाख ८९ हजार त्यसै गरी प्रदेश सरकारवाट वित्तीय सामान्यीकरण अनुदन वापत रु ५२ लाख ४९ हजार , राजश्व वाडफड वापत ६ लाख ९४ हजार र चालु आवको मौज्दातबाट रु १ करोड  ३० लाख   व्यहोरिने छ ।

**२.५ उपसंहार**

अन्तमा प्रस्तुत वजेट तर्जुमामा सल्लाह सुझाव प्रदान गर्नुहुने अध्यक्ष ,वडा अध्यक्षहरु, कार्यपालीकाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, लेखापाल लगाएत अन्य कर्मचारीहरु वुद्धि जिवीहरु,नागरिक समाज , सामुदायीक संस्थाहरु, विभिन्न सामाजिक संगठनहरु लगाएत सबैलाई हार्दिक धन्यवाद एवं आभार प्रकट गर्दछु ।

चन्द्रकला शाही
उपाध्यक्ष

## खण्ड४अनुसूचिहरु

अनुसूचि १ आय व्ययको विवरण

अनुसूचि २ राजस्व तथा अनुदान प्राप्तिको अनुमान

अनुसूचि ३ व्यय अनुमान

अनुसूचि ४ वित्तीय व्यवस्था अनुमान

अनुसूचि ५कार्यक्षेत्रगत व्यय अनुमान

अनुसूचि ६ वार्षिक विकास कार्यक्रम

अनुसूचि ७ वार्षिक कार्यक्रम कार्यान्वयनयोजना